## दिप्रुङ चुईचुम्मा गाउँपालिकाको ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि तत्काल राहत तथा उद्धार कोष संचालन सम्बन्धि कार्यविधि २०७८

नेपालको संविधानको धारा ३८ को उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसर उपलब्ध गराउने मौलिक हकको व्यवस्था गरेको छ । संविधानको कार्यन्वयन तथा महिलाहरुको अत्यान्तै संवेदनशील अवस्था गर्भवती र सुत्केरी अवस्थामा चाहेर पनि वा बाध्यता नै परेको अवस्थामा समेत जिल्ला बाहिर गएर सुत्केरी गराउन नसक्ने गर्भवती तथा ज्यान जोखिममा परेका महिलाहरुको जीवन रक्षा गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि तत्काल राहत तथा उद्धार कोष संचालन सम्बन्धि कार्यविधि २०७८" रहेको छ ।

(ख) यो कार्यविधि गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

### २. परिभाषा :

(क) **"कार्यलय"** भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यलय भन्ने सम्झनु पर्छ ।

(ख) **"प्रजनन् स्वास्थ्य"** भन्नाले प्रजनन् सम्बन्धि शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्यको स्थिति सम्झनुपर्छ ।

(ग) **"गर्भवती"** भन्नाले गर्भाधारण हुनु अघिको अन्तिम पटक महिनावारी भएको पहिलो दिनदेखि महिलाको पाठेघर भित्र गर्भ रहेको अवधिलाई सम्झनुपर्छ ।

(घ) **"सुत्केरी"** भन्नाले महिलाले बच्चा जन्माएको अवस्था देखि ४२ दिन भित्रको अवधिलाई सम्झनु पर्दछ ।

(ङ) **"ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला"** भन्नाले लगातार लामो प्रशव बेथा लागेको, बच्चा जन्मन कठिनाई भएको, गर्भमा नै बच्चाको मृत्यु भएको, गर्भ अवस्थामा हात खुट्टा शरीर सुन्निएको, अधिक रक्तश्राव भएको, रक्त अल्पता भएको, गर्भवती तथा सुत्केरी महिला सम्झनु पर्दछ ।

(च) **"कोष"** भन्नाले दिप्रुङ चुईचुम्मा गाउँपालिकाको ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको उद्धार तथा राहत स्वरुप खर्च गर्न सकिने दफा ५ बमोजिमको रकम सम्झनुपर्दछ ।

(झ) **"सवारी साधन"** भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई गाउँपालिकाबाट यहि जिल्ला वा अन्य जिल्ला सम्म जाने सडक यातायात भित्र पर्ने सवारी साधन सम्झनुपर्दछ ।

(ञ) **“उद्धार”** भन्नाले ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई सडक यातायात भित्र पर्ने सवारी साधनबाट यहि जिल्ला वा अन्य जिल्लाको अस्पताल सम्म पुऱ्याउने कार्यलाई सम्झनुपर्दछ ।

**३.राहत तथा उद्धार कोष संचालनका उद्देश्यहरु**

(क) महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ सम्बन्धि हकको कार्यन्वयन गर्ने ।

(ख) गरिबि, पारिवारिक तथा सामाजिक बेमेल लगायत अन्य विविध कारणले उत्पन्न समस्याको कारण उचित स्थानमा प्रसुति गराउन नसक्ने महिलालाई प्रजनन् स्वास्थ्यका कारण सम्भावित मृत्यु हुनबाट जोगाउन ।

(ग) नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउन ।

**४. कोष संचालनका लागि समिति**

ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई उद्धार तथा राहत कोष संचालनका लागि तपसिल बमोजिमको एक समितिको गठन गरिनेछ ।

१. गाउँपालिका उपाध्याक्ष - संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३. संयोजकले तोकेको का.पा. महिला सदस्य -सदस्य

४.स्वास्थ्य शाखा प्रमुख - सदस्य

५. सम्बन्धित वडाका वडाध्याक्ष - सदस्य

६. महिला बालबालिका शाखा संयोजक - सदस्य सचिव

**५. कोषमा रकम**

ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई उद्धार तथा राहत गर्नको लागि एक छुट्टै कोषको व्यवस्था गरिनेछ जसमा तपसिल बमोमिजको रकम रहनेछ ।

क. गाउँपालिकाबाट विनियोजित रकम

ख. संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

.ग. अन्य संस्थाबाट प्राप्त रकम

### ६. कोषको खाता संचालन

दफा ५ बमोजिम प्राप्त कोषको रकम संचालनका लागि  स्थानिय वाणिज्य बैंकमा छुट्टै खाता  खोली संचालन गरिनेछ । जुन प्रमुख प्रशासकीय अधिकृत र लेखाशाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

### ७. कोषको रकम प्रदान गरिने आधारहरु :

दफा ४ बमोजिमको तत्काल राहत तथा उद्धार समितिले तपसिल बमोजिमको ज्यान जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरुलाई राहत तथा उद्धारको सिफारिस गर्नेछ ।

क.गर्भावस्थामा श्रीमानको मृत्यु भएको एकल महिला ।

ख.अति गरिब परिवारको गर्भवती महिला ।

ग. सामाजिक अवहेलनामा परेका गर्भवती महिला ।

घ. श्रीमानको पहिचान नखुलेको गर्भवती महिला ।

ङ. श्रीमान तथा परिवारले हेरचाह नगरेको गर्भवती महिला ।

च. उपदफा (क) देखि (ङ) सम्म उल्लेख भएकाअवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरुको ज्यान जोखिममा परेका बखत मात्र राहत तथा उद्धार गरिनेछ अन्यथा गरिनेछैन ।

छ. उपदफा (क) देखि (ङ) सम्म उल्लेख भएका अवस्थाका गर्भवती तथा सुत्केरी महिलाहरुलाई तत्काल सडक यातायात भित्र पर्ने सवारी साधन मार्फत उद्धार गरि अस्पताल पुऱ्याइनेछ वा यातायात बापतको खर्च राहत स्वरुप उपलब्ध गराइनेछ । तर अस्पतालको खर्च उपलब्ध गराइनेछैन ।

### ८ . राहत तथा उद्धार सम्बन्धि प्रकृयागत व्यवस्था

क. दफा ७ बमोजिमको ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाले राहत तथा उद्धार समितिको सम्पर्क व्यात्तिलाई  सम्बन्धित वडाको सिफारिस सहित सम्पर्क गर्ने ।

ख. समन्वय समितिको सम्पर्क व्यत्तिले संयोजकसँग समन्वय गरी तुरुन्त समितिको बैठक बोलाउने ।

ग. समन्वय समितिले बैठक बसी प्राप्त सिफारिसको विश्लेषण गरी तत्काल राहत तथा उद्धार सेवा उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्ने ।

घ. समन्वय समितिको बैठक तत्काल बस्न सक्ने अवस्था नभएमा सदस्य सचिवले संयोजक र प्रमुख प्रशासकीय अधिकृतको आदेश लिई समितिबाट पछि अनुमोदन गराउने गरी तत्काल राहत तथा उद्धार

ङ. दफा ७ मा उल्लेखित ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला बाहेक अन्य व्यक्तिको हकमा यो सेवा उपलब्ध हुने छैन ।

च. उपदफा (ङ) अनुसार सवारी उद्धार गर्दा कुरुवा तथा रेखदेखको लागि उद्धार गर्नुपर्ने महिलाको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुईजना सम्मलाई साथै जान सवारी चालकले अनुमति दिन सक्नेछ ।

**९.सवारी उद्धार तथा राहत प्राप्त गर्ने महिलाले गाउँपालिकाको कार्यलयमा निम्न विवरण पेश गर्नुपर्ने छ ।**

क. वडा कार्यलयको सिफारिस ।

ख.स्थानिय स्वास्थ्य संस्थाको सिफारिस ।

ग. उद्धार गरिएको महिलाको नागरिकताको प्रमाणित प्रतिलिपी वा परिचय खुल्ने पत्र ।

**१०. कोषको लेखा र लेखा परीक्षण :**

क. कोषको आय व्ययको लेखा गाउँपालिकाले अपनाएको नियम बमोजिम राखिनेछ ।

**११. रकम फ्रिज नहुने :** प्रचलित कानुनमा जे सुकै लेखिएको भएपनि आर्थिक बर्षको अन्त्यसम्मा खर्च नभई रहेमा पनि खर्च हुनेछैन ।

**१२. कोषको सचिवालय** : कोषको सचिवालय गाउँ कार्यपालिकाको सामाजिक विकास शाखामा रहनेछ ।

**१३. अभिलेख राख्ने :** समितिले आफूले गरेको काम कारवाहि हरुको अभिलेख दुरुस्त राख्नुपर्नेछ ।

**१४. संशोधन, स्वतः निस्कृय तथा खारेजी**

क. गाउँपालिकाले आवश्यक ठानेमा कार्यविधी संशोधन गर्न सक्नेछ ।

ख. गाउँपालिकाले उक्त कोषको आवश्यक नठानेमा कोष खारेज गर्न सक्नेछ ।

ग. उपदफा (ख) बमोजिम कोष खारेज भएमा कोषको रकम गाउँपालिकामा स्वत हस्तान्तरण हुनेछ ।

दिप्रुङ चुईचुम्मा गाउँपालिकाको मिति २०७८/०९/१७ गतेको ७० औं कार्यपालिकाको बैठकको निर्णयअनुसा दिप्रुङ चुईचुम्मा गाउँपालिकाको ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि तत्काल राहत तथा उद्धार कोष संचालन सम्बन्धि कार्यविधि २०७८ नियमानुसार प्रमाणित गर्दछु ।

भुपेन्द्र राई
अध्यक्ष
मिति : २०७८/०९/१८